नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(.............................................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ..............................

प्रेस विज्ञप्ति ।

आज मिति २०७३ साल मङ्सिर ३ गते नेपाल सरकारका मुख्यसचिवज्यूको संयोजकत्वमा शिक्षा मन्त्रालय; सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालयका सचिवहरूसमेतको बैठकले नेपालका विभिन्न जिल्लामा देखापरेको कुपोषणको समस्या समाधान गर्ने सन्दर्भमा निम्नानुसार निर्णय गरेको व्यहोरा सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

निर्णयहरू:

१. स्वास्थ्य मन्त्रालयलगायत विभिन्न मन्त्रालयहरूबाट संचालित पोषण सहयोग कार्यक्रम; र सुनौला हजार दिन कार्यक्रम; बालबालिका अनुदान कार्यक्रम र दिवा खाजा जस्ता कार्यक्रमहरुलाई समन्वय गरी प्रभावकारी रुपमा सञ्चालन गर्ने विषयमा स्वास्थ्य मन्त्रालयको संयोजकत्वमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय; शिक्षा मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिहरु सहितको एक कार्यदलले १५ दिनभित्र प्रतिवेदन पेश गर्ने ।

२. आगामी वर्षको बजेट कार्यक्रममा पोषणसम्वन्धी कार्यक्रमहरू एकीकृत रुपमा सञ्चालन गर्न खास गरी मानव विकास सूचकाङ्कमा पछि परेका जिल्लाका बालबालिकाहरूलाई कुपोषण मुक्त गराउन उपयुक्त कार्यक्रम तर्जुमा गर्ने गृहकार्य स्वास्थ्य मन्त्रालयले अन्य मन्त्रालय/निकायहरूसँग समन्वय गरी सम्पन्न गर्ने ।

मितिः २०७३।८।३

दामोदर रेग्मी
सहसचिव तथा प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np